**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**
**दोस्रो पटक प्रकाशित भएको मिति २०८०।११।०८**

**शिलबन्दी दरभाउ पत्रको सूचना न.** 01/SQ-Buck/HANDS Nepal/2081/082

दुधौली नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा मानव तथा राष्ट्रिय विकास समाज ( ह्यान्ड्स नेपाल) सिन्धुलीको सहजीकरणमा दुधौली नगरपालिकामा संचालित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास कार्यक्रम लागि आवश्यक उन्नत जातका बोकाहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (क)(३) तथा सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ८४ बमोजिम शिलवन्दी दरभाउपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले यो शिलवन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

**सिलबन्दी दरभाउ पत्रको विवरण**

| क्र. स. | वस्तु / सामग्रिको नाम | स्पेशिफिकेशन | परिमाण | जमानत रकम रु | शिलवन्दि दरभाउपत्र फारम दस्तुर | शिलवन्दि दरभाउपत्र मान्य हुने अवधि | शिलबन्दी दर भाउँपत्र खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | शिलवन्दि दरभाउ पत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | उन्नत जातका बीउ बोकाहरु खरिद तथा आपुर्ती | गुणस्तरीय सिरोही वा कोटा वा दुवै | २५ | ४२,२०० | १,००० | ४५ दिन | २०८१/११/२२ कार्यालय समय ५:०० बजे भित्र | २०८१/११/२३ गते दिनको १२: ०० बजे भित्र | २०८१/११/२३ गते दिनको २.३० बजे |

१. शिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक र योग्य दरभाउपत्रदाताले सूचना प्रकाशन गरेको मितिले १५ दिन अर्थात २०८१/११/२२ कार्यालय समय ५:०० बजे भित्रमा रु १००० रुपैयाँ (फिर्ता नहुने) शुल्क नगद वा भौचर (बुँदा नं ३ मा उल्लेख बैंक खातामा जम्मा गरेको) पेश गरी शिलवन्दी दरभाउपत्र सम्वन्धी कागजात खरिद गर्न सक्नेछन् ।

२. शिलवन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले १६ औ दिन अर्थात २०८१/११/२३ गते दिनको १२: ०० बजे भित्र नियमपुर्वक मानव तथा राष्ट्रिय विकास समाज (ह्यान्ड्स नेपाल) को दुधौली केन्द्रिय कार्यालय सिन्धुलीमा पेश गर्नु पर्ने छ । उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ । प्राप्त शिलवन्दी दरभाउपत्रहरु सोही दिन दिनको २:३० बजे ह्यान्ड्स नेपालको दुधौली केन्द्रिय कार्यलय सिन्धुलीमा दरभाउपत्र दाताहरु वा प्रतिनिधीको रोहवरमा खोलिने छ । शिलवन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनुपर्नेछ । दरभाउपत्रको साथमा माथि तोकिए अनुसारको शिलवन्दी दरभाउपत्र जमानत रकम मानव तथा राष्ट्रिय विकास समाज नेपाल (ह्यान्ड्स नेपाल) को सिद्धार्थ बैंक, दुधौली शाखामा रहेको चल्ती खाता HANDS NEPAL-PSFYEALD खाता नं. ५५५०६८४७७२७ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्ने छ । त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य अबधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ ।

४. दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ ।

५. शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आँशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार मानव तथा राष्ट्रिय विकास समाज (ह्यान्ड्स नेपाल) दुधौली सिन्धुलीमा निहित रहनेछ ।

६. शिलवन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु शिलवन्दी दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । शिलवन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि मानव तथा राष्ट्रिय विकास समाज (ह्यान्ड्स नेपाल), दुधौली सिन्धुली (सम्पर्क ९८५११४०५३४ वा hn_info@handsnepal.org मा सम्पर्क गर्न सकिनेछ ।

मानव तथा राष्ट्रिय विकास समाज नेपाल (ह्यान्ड्स नेपाल)
दुधौली, सिन्धुली